ASIAN Life Insurance Company
सबैका लागि सधैंका लागि सुरक्षा...

# एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
## १७औं बार्षिक साधारण सभाको
## माइन्यूट (निर्णय) विवरण

**१. सभाको संचालन :**

एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०८२/०३/०८ (तदनुसार २२ जुन, २०२५) गते आइतबार बसेको संचालक समितिको २०५औं बैठकको निर्णय बमोजिम, कम्पनी ऐन २०६३ तथा पूर्व प्रकाशित सूचना अनुसार बोलाइएको यस कम्पनीको १७औं बार्षिक साधारण सभा, संचालक समितिका अध्यक्ष श्री दिपक कुमार श्रेष्ठको अध्यक्षतामा निम्नानुसारको मिति, समय, स्थान र बिषयसूची उपर छलफल तथा निर्णय भई देहाय अनुसारको काम कार्यवाही सुसम्पन्न भयो ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०८२/०३/३० गते सोमवार (तदनुसार,जुलाई १४, २०२५)
स्थान : होटल इच्छा सिमरा, बारा ।
समय : दिउसो १.०० बजे ।

**२.सूचना प्रकाशन:** कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको १७औं बार्षिक साधारण सभाको सूचना आर्थिक अभियान राष्ट्रिय दैनिकमा मिति २०८२/०३/०९ गतेको अंकमा पहिलो पटक तथा कारोबार राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०३/१९ गते दोश्रो पटक प्रकाशित गरिएको थियो । साथै बार्षिक प्रतिवेदन पुस्तिका शेयरधनी महानुभावहरुलाई उपलब्ध गराईएको र कम्पनीको बार्षिक प्रतिवेदन तथा साधारण सभाको विस्तृत विवरण कम्पनीको वेभसाईटमा समेत राखिएको थियो ।

**३.छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०८०/०८१ (NFRS बमोजिम ) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने बारे ।

३. संचालक समितिबाट प्रस्तावित नगद लाभांश (कर प्रयोजनको लागि) ०.२६८४%ले हुन आउने रु.९१,२५,८७६/– (अक्षरेपी एकानब्बे लाख पच्चीस हजार आठ सय छहत्तर मात्र) पारित गर्ने बारे ।

४.संस्थापक शेयरधनी (समूह क) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पद-३ र सर्वसाधारण शेयरधनी (समूह ख) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पद-२, को निर्वाचन गर्ने र १ जना स्वतन्त्र संचालक मनोनित गर्ने बारे ।

एशियन लाईफ इन्स्योरेन्स कं. लि.
एशियन लाईफ भवन, मैतिदेवी, काठमाडौं,नेपाल, फोन: ४५३०२७०,४५१०११५, पो ब.नं.२५९४३
इमेल: asianlife@asianlife.com.np, बेभसाइट: www.asianlife.com.np

५. आर्थिक बर्ष २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । ( हालको लेखा परिक्षक बि.के. अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्स पुनः नियुक्त हुन सक्ने ।)

**(ख) विशेष प्रस्तावहरु :**

१. आर्थिक वर्ष २०८०/०८१ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.३,३९,९८,३६,३०७/– को बोनस शेयर ५.१०% ले हुन आउने रु.१७,३३,९१,६५२/–(अक्षरेपी सत्र करोड तैतिस लाख एकानब्बे हजार छ सय बाउन्न मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२.उल्लेखित बोनस शेयर वितरण पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती गर्ने बारे ।

३.कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं.१ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

ग) विविध ।

४) उपस्थिति विवरण:

**संचालक समितिको तर्फवाटः**

अध्यक्ष श्री दिपक कुमार श्रेष्ठज्यू
संचालक श्री सुशान्त चाचानज्यू
संचालक श्री सौरभ रुंगटाज्यू
संचालक श्री शिला राजभण्डारीज्यू
संचालक श्री अच्युत राज सापकोटाज्यू

**अन्य पदाधिकारीहरुबाटः**

१. प्रमुख कार्यकारी अधिकृत श्री दिनेश लाल श्रेष्ठ
२. नायब प्रमुख कार्यकारी अधिकृत श्री होम बहादुर श्रेष्ठ
३. कम्पनी सचिव श्री प्रकाश सिंह कठायत
४. निर्वाचन अधिकृत श्री रत्न सुन्दर खुजु
५. मदेश प्रदेश प्रमुख श्री रामरुप सहनी
६. बीरगंज शाखा इन्चार्ज श्री सोनालाल सहनी
७.कलैया शाखा इन्चार्ज श्री प्रकाश कुमार गुप्ता

**५. <u>गणपूरक संख्या तथा सभाको बैधानिकता</u> :** निर्धारित मिति, समय र स्थानमा संचालन भएको १७औं बार्षिक साधारण सभामा संचालक, संस्थापक शेयरधनी, अन्य शेयरधनीहरु समेत स्वयम सहभागी शेयरधनीहरु ४० जना र २३६ जना प्रोक्सि मार्फत समेत गरी कूल २७६ जना शेयरधनीहरु र कुल ३,३९,९८,३६३.०७ कित्ता शेयर मध्ये १,७४,७९,७९२ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी ५१.४१ प्रतिशत शेयरधनीहरुको प्रतिनिधित्व भएकोले कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा कम्पनीको नियमावलीको नियम २३ अनुसार ५० प्रतिशत भन्दा बढी प्रतिनिधित्व भई तपसिल बमोजिम गणपूरक संख्या पुगेकोले कम्पनी सचिव श्री प्रकाश सिंह कठायतले कम्पनी ऐन २०६३ को दफा ६९ अनुसार सभाको संचालन बैधानिक भएको घोषणा गर्नु भयो ।

**तपसिल**

**जम्मा शेयर संख्याः ३,३९,९८,३६३.०७**

**चुक्ता पूँजी रु.३,३९,९८,३६,३०७/–**
**शेयरधनीहरुको उपस्थितिः**

| उपस्थिति | संस्थापक शेयरधनी | | सर्वसाधारण शेयरधनी | | जम्मा | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | शेयरधनी | शेयर कित्ता | शेयरधनी | शेयर कित्ता | शेयरधनी | शेयर कित्ता | शेयर संख्याको % |
| स्वयं उपस्थिति | ११ | २१,३६५०५ | २९ | १,७४,१५० | ४० | २३,१०,६५५ | ५१.४१ |
| प्रोक्सी मार्फत | ५२ | १,१२,७७,०८२ | १८४ | ३८,९२,०५५ | २३६ | १,५१,६९,१३७ | |

जम्मा शेयर संख्या १,७४,७९,७९२

**६. <u>स्वागत मन्तव्य</u> :**

सभा संचालन पश्चात प्रमुख कार्यकारी अधिकृत श्री दिनेश लाल श्रेष्ठज्यूले उपस्थित सम्पूर्ण शेयरधनीहरुको स्वागत अभिवादन गर्दै कम्पनीको बर्तमान अवस्था, लगानी विविधिकरण, बीमा बजारको समस्या र कम्पनीले भविष्यमा सामना गर्नु पर्ने चुनौती बारेमा प्रकाश पार्नु भयो । कम्पनीको सफलतामा सम्पूर्ण अभिकर्ताहरु र कर्मचारी वर्गको परिश्रम तथा कम्पनीको संचालक समितिको मार्गदर्शन र नीति, व्यवस्थापनको कुशल जोखिम न्युनीकरणको प्रयास, सक्षम आन्तरिक नियन्त्रण प्रणली, संस्थागत सुशासनको अभ्यास तथा नियमनकारी निकायको निर्देशनहरुको पालना लगायत समष्टि कारणहरुले कम्पनी आजको अवस्थमा आउन सफल भएको हो तसर्थ संचालक समिति लगायत व्यवस्थापन, सम्पूर्ण कर्मचारीहरु तथा कम्पनीका देशभरका अभिकर्ता साथीहरु प्रति आभार व्यक्त गर्दै भविष्यमा पनि साथ, सहयोग र सल्लाहको अपेक्षा गर्दछु भनी मन्तव्य प्रस्तुत गर्नु भयो ।

**७. बार्षिक प्रतिवेदन प्रस्तुत :**
अध्यक्ष श्री दिपक कुमार श्रेष्ठले संचालक समितिको तर्फवाट कम्पनीको बार्षिक प्रतिवेदन २०८०/०८१ सभा समक्ष प्रस्तुत गर्नु हुँदै कम्पनीले आर्थिक बर्ष २०८०/०८१ को अवधिमा शाखा, उपशाखा कार्यालय संचालन, अभिकर्ता तालिम, बीमालेख बिक्रि, प्रिमियम संकलनकम्पनीले ४२% हकप्रद शेयर निष्काशन प्रकिया शुरु गरिसकेको र ५.१० % बोनस प्रदान गर्ने प्रस्ताव गरी नियामक निकायले तोकेको चुक्ता पूँजी पुग्ने बारे जानकारी दिनुभयो । कम्पनीको लगानी, भावी रणनीति र कम्पनीका शेयरधनीहरुलाई अगामी बर्ष राम्रो मुनाफा दिने वातावरण बनाउन प्रयास गर्ने बारेमा अवगत गराउनु भयो ।

**८.बिषयसूचीको जानकारी, जिज्ञासा, सुझाव एवं प्रतिउत्तर :** अध्यक्षज्यूको अनुमतीले कम्पनीका कम्पनी सचिव श्री प्रकाश सिंह कठायतले १७औं बार्षिक साधारण सभाको लागि पूर्व निर्धारित तथा प्रकाशित छलफलको बिषय सूची (एजेण्डा) पढेर सभामा जानकारी गराउनु भयो र एजेण्डा माथि कम अनुसार छलफल, जिज्ञासा र सुझावको लागि आग्रह गर्नु भयो ।

**क) जिज्ञासा तथा प्रश्नहरुः**

छलफलमा सहभागि शेयरधनी महानुभावहरु :

१) श्री दिपक कुमार तुलस्यायन

२) श्री संजोग श्रेष्ठ

जिज्ञासा तथा प्रश्नहरुः

सभामा शेयरधनी महानुभावले निम्न बमोजिम जिज्ञासा एवं प्रश्नहरु राख्नु भयो ।

१) कम्पनीले लगानी विविधिकरण गर्ने गरिएकोमा लगानी सुरक्षीत छ /छैन ?

२) यस आ.व.मा कम्पनीमा लगानीको प्रतिफल कम भएको हो की ?

**ख)** जिज्ञासा तथा सुझावहरु समेतको जवाफः

अध्यक्षज्यूको स्वीकृती लिई कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री दिनेश लाल श्रेष्ठले शेयरधनी महानुभावले राख्नु भएको जिज्ञासा एवं प्रश्नका लागि धन्यवाद दिदै जवाफ दिनु भयो । उल्लेखित जिज्ञासाको लागिः- कम्पनीले श्री नेपाल बीमा प्राधिकरणको लगानी निर्देशिका बमोजिम लगानी विविधिकरण गरेको छ । लगानी गरिएका कम्पनीको हालको अवस्था राम्रो छ उक्त कम्पनीहरु होटेल, एयरलाइन्स र हाइड्रोपावर कम्पनीहरुको अगामी दिनमा बजारमा IPO निष्काशन हुनेछ र IPO निष्काशन पश्चात कम्पनीको आर्थिक अवस्था मजबुत भई भविष्यमा कम्पनीहरुको आर्थिक गतिविधिमा वृद्धी भई व्यवसाय विस्तारमा गती लिने भएकाले प्रतिफल राम्रो आउने विश्वास लिएको छु । र हाइड्रोपावर कम्पनीहरु मध्ये एउटा कम्पनीले IPO निष्काशन प्रक्रिया शुरु गरिसकेको अवस्था छ भने अर्को कम्पनीको निकट भविष्यमा IPO निष्काशन हुने कममा रहेको छ ।

एसियन लाईफ इन्स्योरेन्स कं. लि. स्था:२०६४ प्रधान कार्यालय, काठमाडौं

यस एशियन लाईफ इन्स्योरेन्स क.लि.ले आ.व.२०८१/०८२ को चैत्र मसान्त सम्म रु.४५ अर्ब ६३ करोड जीवन बीमाकोष खडा गर्न सफल भएको छ र यस कम्पनीको आ.व.२०८१/०८२ आषाढ २९ गते सम्ममा प्रथम शुल्क र नविकरण बीमाशुल्क गरी लगभग ९ अर्ब बीमाशुल्क थप भएको छ। नियमक निकाय बीमा प्राधिकरणले निर्देशन गरे बमोजिम कम्पनीको चुक्ता पूँजी रु. ५ अर्ब पुर्‍याउन ४२ प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रकिया शुरु भई सकेको र आ.वा २०८०/०८१ को मुनाफाबाट ५.१० बोनस शेयर वितरण गर्ने प्रस्ताव गरेको व्यहोरा जानकारी गराउदँछु।

अन्तमा कम्पनीले लिएको लगानी रणनीति अनुरुप आगामी दिनहरुमा प्रतिफल पनि उचित आउने विश्वास लिएको कुरा व्यक्त गर्नुभयो।

## ९. सभाको निर्णयहरु:

सभामा पूर्व निर्धारित, प्रकाशित र वितरित विषय सूचिमा भएको छलफल, सो मा व्यक्त जिज्ञासा र जिज्ञासाको जवाफ पश्चात कम्पनीका सचिव श्री प्रकाश सिंह कठायतले विषयसूचि अनुसार एक/एक प्रस्ताव पढेर सुनाउनु भए पश्चात सभामा शेयरधनी महानुभावहरुले सर्वसम्मतीबाट निम्नानुसार निर्णय गर्नु भयो।

## सभामा प्रस्तुत प्रस्तावहरु तथा निर्णयहरु:

### (क) सामान्य प्रस्तावहरु:

प्रस्ताव नं.१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे।

**निर्णय नं.१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि सर्वसम्मत रुपमा पारित गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो।**

प्रस्ताव नं.२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष.२०८०/०८१ (NFRS बमोजिम) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने बारे।

**निर्णय नं.२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष.२०८०/०८१ (NFRS बमोजिम) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो।**

प्रस्ताव नं.३) संचालक समितिबाट प्रस्तावित नगद लाभांश (कर प्रयोजनको लागि) ०.२६८४%ले हुन आउने रु.९१,२५,८७६/- (अक्षरेपी एकानब्बे लाख पच्चीस हजार आठ सय छहत्तर मात्र) पारित गर्ने बारे।

**निर्णय नं.३) संचालक समितिबाट प्रस्तावित नगद लाभांश (कर प्रयोजनको लागि) ०.२६८४%ले हुन आउने रु.९१,२५,८७६/– (अक्षरेपी एकानब्बे लाख पच्चीस हजार आठ सय छहत्तर मात्र) पारित गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं.४) संस्थापक शेयरधनी (समूह क) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पद-३ र सर्वसाधारण शेयरधनी (समूह ख) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पद- २, को निर्वाचन गर्ने र १ जना स्वतन्त्र संचालक मनोनित गर्ने बारे ।

**निर्णय नं.४) संस्थापक शेयरधनी (समूह क) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पद-३ र सर्वसाधारण शेयरधनी (समूह ख) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पद- २, को निर्वाचन गर्ने र १ जना स्वतन्त्र संचालक मनोनित गर्ने बारे प्रस्तावहरु सम्मत पारित भयो । निर्वाचित संचालकहरुमा संस्थापक शेयरधनीको तर्फबाट श्री दिपक कुमार श्रेष्ठ, श्री सुशान्त चाचान र श्री अच्यूतराज सापकोटा (गिन्नी इन्भेष्टमेन्ट प्रा.लि.बाट प्रतिनिधित्व) निर्विरोध निर्वाचित हुनु भएको र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट श्री शौरभ रुंगटा (सगरमाथा एग्रो ट्रेडिङ्ग प्रा.लि.बाट प्रतिनिधित्व) र श्री शिला राजभण्डारी निर्विरोध निर्वाचित हुनुभएको प्रस्तावहरु सर्व सम्मत पारित भयो। साथै १ जना स्वतन्त्र संचालक मनोनित गर्ने प्रस्ताव सर्व सम्मत पारित भयो ।**

प्रस्ताव नं.५) आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । ( हालको लेखा परिक्षक बि.के. अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्स पुनः नियुक्त हुन सक्ने ।)

**निर्णय नं.५) आर्थिक बर्ष २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा हालको लेखा परिक्षक बि.के. अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्सलाई रु.७,५०,०००/- (अक्षरुपी सात लाख पचास हजार) मु.अ.कर वाहेक पारिश्रमिक दिने गरी पुनः नियुक्त गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**(ख) विशेष प्रस्तावहरु :**

प्रस्ताव नं.१) आर्थिक वर्ष २०८०/०८१ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.३,३९,९८,३६,३०७/– को बोनस शेयर ५.१०% ले हुन आउने रु.१७,३३,९१,६५२/–(अक्षरेपी सत्र करोड तैतिस लाख एकानब्बे हजार छ सय बाउन्न मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**निर्णय नं.१) आर्थिक वर्ष २०८०/०८१ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.३,३९,९८,३६,३०७/– को बोनस शेयर ५.१०% ले हुन आउने रु.१७,३३,९१,६५२/–(अक्षरेपी सत्र करोड तैतिस लाख एकानब्बे हजार छ सय बाउन्न मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं.२) उल्लेखित बोनस शेयर वितरण पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती गर्ने बारे ।

**निर्णय नं.२) उल्लेखित बोनस शेयर वितरण पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती गर्ने बारेको प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं.३) कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं.१ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**निर्णय नं.३) कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं.१ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

एशियन लाईफ इन्स्योरेन्स कं. लि.
१७औं बार्षिक साधारण सभामा पेश हुने
प्रबन्ध पत्रमा संशोधन प्रस्ताव
तीन महले विवरण

| प्रबन्ध पत्रको दफा | हालको व्यवस्था | संशोधन हुने प्रस्ताव | संशोधन औचित्यता |
|---|---|---|---|
| ६.१ (ख) | ख) कम्पनीको तत्काल जारी पूँजी रु.४,८२,७७,६७,५५५।– (चार अर्ब बयासी करोड सत्हत्तर लाख सत्सठ्ठी हजार पाँच सय पचपन्न रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।-दरले ४,८२,७७,६७५।५५ (चार करोड बयासी लाख सतहत्तर हजार छ सय पचहत्तर दशमलव पचपन्न) थान साधारण शेयरमा विभाजन गरिएको छ । | ख) कम्पनीको तत्काल जारी पूँजी रु.५,००,११,५९,२०७।– (पाँच अर्ब एघार लाख उन्सठ्ठी हजार दुई सय सात रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।-दरले ५,००,११,५९२।०७ ( पाँच करोड एघार लाख पाँच सय बयानब्बे दशमलव शुन्य सात ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | १७औंबार्षिक साधारण सभाबाट बोनस शेयर जारी गर्दा कम्पनीको जारी पूँजीलाई बृद्धि गर्न आवश्यक भएकोले । |
| ६.१ (ग) | ग)कम्पनीको तत्काल चुक्ता पूँजी रु.४,८२,७७,६७,५५५।– (चार अर्ब बयासी करोड सत्हत्तर लाख सत्सठ्ठी हजार पाँच सय पचपन्न रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।-दरले ४,८२,७७,६७५।५५ (चार करोड बयासी लाख सतहत्तर हजार छ सय पचहत्तर दशमलव पचपन्न )थान साधारण शेयरमा विभाजन गरिएको छ । | ग) कम्पनीको तत्काल चुक्ता पूँजी रु.५,००,११,५९,२०७।– (पाँच अर्ब एघार लाख उन्सठ्ठी हजार दुई सय सात रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।-दरले ५,००,११,५९२।०७ ( पाँच करोड एघार लाख पाँच सय बयानब्बे दशमलव शुन्य सात ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | १७औं बार्षिक साधारण सभाबाट बोनस शेयर जारी गर्दा चुक्ता पूँजीलाई बृद्धि गर्न आवश्यक भएकोले । |

ग) **बिबिध:** बिबिध अन्तर्गत कुनै प्रस्ताव नभएको ।

**१०) <u>धन्यवाद ज्ञापन तथा सभा विसर्जन:</u>**

सभाको अन्त्यमा संचालक श्री अच्यूत राज सापकोटाज्यूले सभामा सहभागी भई आफ्नो अमूल्य राय, सल्लाह, मन्तब्य ब्यक्त गरी सभालाई सफल पार्नमा सहयोग गर्नु भएकोमा उपस्थित सहभागी शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद ब्यक्त गर्नु भयो । साथै कम्पनीको सुसंचालन र प्रगतिमा मार्ग निर्देशन दिनु हुने श्री नेपाल बीमा प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. लगायत अन्य नियमनकारी निकाय तथा कम्पनीको प्रगतिमा सदा सहयोग र सद्भाव राख्नु हुने अभिकर्ता, ग्राहक वर्ग, शेयरधनी महानुभावहरु र विशेषत: कम्पनीका इमान्दार र लगनशिल कर्मचारी वर्गलाई धन्यवाद ब्यक्त गर्नु भयो । सभामा अध्यक्षज्यूले सवै शेयरधनी माहानुभावहरु, अभिकर्ताहरु, कर्मचारी वर्ग र सम्पूर्ण सरोकारबालाहरुलाई धन्यवाद दिदै दिनको २:३० बजे सभा समापन भएको घोषणा गर्नु भयो ।

द...........................
(प्रकाश सिंह कठायत)
**कम्पनी सचिव**

द...........................
(दिपक कुमार श्रेष्ठ)
**अध्यक्ष**

**२०८२/०३/३० गते सोमबार**